## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

### नगर कार्यपालिका वैठक,वैठक संख्या ६/०७८/०७९

आज मिति २०७८ साल पौष १६ गते शुक्रवार विहान ८.०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोषन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | मृत्यु भएको |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री लक्ष्मी प्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क्र.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री प्रेमबहादुर तामाङ्ग | का.वा. वडाध्यक्ष | धरान-८ | |
| २. | श्री चुन्नु थापा | का.वा. वडाध्यक्ष | धरान-१२ | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | श्री गणेश प्रसादखतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु :–

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा:–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २१ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **नगर सभा सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको दशौं नगर सभा २०७८ माघ २८ गते आयोजना गर्ने निर्णय गरियो ।

३. **आ. ब. २०७७।०७८ को बार्षिक प्रगति समिक्षाको प्रतिवेदन सम्बन्धमा :–**

मिति २०७८।५।७,१०,११,१३,१४ र २२ गते सम्पन्न गरिएको आ.ब. २०७७।०७८ को बार्षिक प्रगति समिक्षाको प्रतिवेन आजको बैडकमा पेश भै छलफल गरियो । प्रतिवेदमा उल्लेख भएका सुझावहरूलाई क्रमश: कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

४. **चालु आ.ब. का लागि नगर सभावाट स्वीकृत कार्यक्रमहरूमध्ये आन्तरिक श्रोत तर्फका कार्यक्रमहरूको समायोजन सम्बन्धमा :**

चालु आ.ब.का लागि नगरसभावाट स्वीकृत अनुमानित आन्तरिक आय ७७ करोड रहेकोमा हाल सम्म संकलित आन्तरिक राजश्व करिव १० करोड (१३%) मात्र संकलन भएकाले नगर सभावाट आन्तरिक स्रोतवाट खर्च व्यहोर्नेगरी स्वीकृत सम्पूर्ण कार्यक्रम कार्यान्वयन गर्न सम्भब नदेखिएकाले बास्तबिक रूपमा असुल हुन सक्ने राजश्वको अनुपातमा आन्तरिक स्रोत तर्फका घटाउन सकिने कार्यक्रमहरूको खाका तयारगरी ३० ~~दिन~~ गते भित्र संशोधन प्रस्ताव पेश गर्न तपशिलको एक समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :–

(क) नरेश ईवारम – १५ नं. वडाध्यक्ष

(ख) सूर्य वहादुर भट्टराई – १७ नं वडाध्यक्ष

(ग) नरेन्द्र कुमार राई – १८ नं. वडाध्यक्ष

५. **निर्माण सम्पन्न नलिएका पुराना घरहरू सम्बन्धमा :–**

नगर क्षेत्रमा बनेका पहिलेका पुराना र विभिन्न कारणले निर्माण सम्पन्न नपाएका घरहरूको के कारणले रोकीएको कारण सहितको विवरण सम्बन्धीत महाशाखा वाट तयार गर्न लगाई कानून संम्मत हुने गरी निर्माण सम्पन्न उपलब्ध गराउने व्यबस्था मिलाउने निर्णय गरियो ।यस्ता प्रकृतीका घरहको विवरण सम्बन्धित वडा कार्यालयवाट पठाउने र प्रमुख प्रशासकीय अधिकृत ज्यूले विवरण आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

६. **अनिवार्य र प्राथमिकतामा परेका ऐन, नियमावली र कार्यविधि निर्माण गर्ने सम्बन्धमा :–**

यस उपमहानगरपालिका लागि अती आवश्यक र प्राथमिकतामा परेका तपशिलका ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरुको मस्यौदा तयार गरि विधायन मस्यौदा समितिले पेश गर्ने निर्णय गरियो :–

तपशिल :–

<u>ऐनहरु:</u>

क) नगर प्रहरी ऐन

ख) शिक्षा ऐन

ग) सेवा प्रवाह ऐन

कार्यविधिहरु

क) अनुगमन तथा मूल्याङ्कन कार्यविधि

ख) सामाजिक परिक्षण कार्यविधी

ग) सार्वजनिक सुनुवाइ कार्यविधि

घ) सार्वजनिक परिक्षण कार्यविधि

ङ) आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि

निर्देशिका

क. आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका

नीतिहरु

क. सुशासन नीति

ख. बाल संरक्षण नीति

ग. फोहोर मैला व्यवस्थापन नीति

घ. सामाजिक समावेसी नीति

७. सहकारी सम्बन्धमा :–

नगर क्षेत्रमा सहकारी प्रशासन तथा व्यवस्थापनलाई थप सुदृढ र ब्यबस्थित तुल्याउन आबस्यक देखिएको सन्दर्भमा धरामा रहेका सहकारीहरूको हाल सम्मको अबस्थाका र सहकारी ब्यबस्थापनकालागि नगरपालिका तथा सहकारी व्यबस्थापन समितिले हाल सम्म गरेका कामहरूको ब्यापक छलफल र समीक्षा गरियो । यस सम्बन्धमा थप अध्ययन पश्चात उचित निर्णयमा पुग्ने निर्णय गरियो ।

८. बुढा सुब्बा गोल्ड कपको ब्यबस्थापन गर्ने सम्बन्धमा :–

२०५५ साल देखि धरान नगरपालिकाको संयोजन र धरान फूटबल क्लबको आयोजनामा संचालन हुदै आएको बुढासुब्बा गोल्ड कपलाई ब्यबस्थित गर्न आवश्यक रहेको र उक्त प्रतियोगिता नगरपालिकाले सुरूवात गराएकाले नगरपालिकाको दायीत्व समेत रहेको हुदा यस गोल्डकप प्रतियोगितालाई नियमित संचालन गर्ने उद्देश्यले उक्त प्रतियोगिताको हाल निर्धारण भएको प्रथम स्थानको पुरस्कार राशी रु. १००००००/- (दश लाख मात्र) द्वितिय स्थानको पुरस्कार राशी रु ५०००००/-(पाँच लाख मात्र) र धरानको तर्फवाट खेल खेल्ने टीमको व्यबस्थापका लागि लाग्ने रु. ३०००००/-(तिन लाख मात्र) सम्मको खर्चको व्यबस्थापन नगरपालिकावाट गर्ने निर्णय गरियो ।उक्त पुरस्कार राशी आगामी दिनमा बुद्धि गर्नुपर्ने भएमा नगरपालिकाको समन्वयमा मात्र बुद्धि गर्नुपर्ने साथै धरानको टीम व्यबस्थापन नगरपालिकाका खेलकुद प्रशिक्षकहरूको जिम्मेवारीमा गर्ने निर्णय समेत गरियो ।

आजको वैठक विहान १०:३० वजे समाप्त भयो ।

वैठकको निर्णय माईनटगर्ने : वरिष्ठ प्रशासकीय अधिकृत ,गणेश प्रसाद खतिवडा ।